**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टङ्गाल, काठमाडौं**

मितिः २०८२।०६।३१ गते ।

## प्रेस विज्ञप्ति

**विषयः जिल्ला कैलाली, जानकी गाउँपालिका वडा नं. ९ का वडा अध्यक्ष खकेन्द्र भण्डारीसमेतका ८ जना प्रतिवादीहरुले सोही वडामा नै मृत्युदर्ता पंजिकरण भएको, एकै नागरिकताबाट दोहोरो सामाजिक सुरक्षा भत्ताको लाभग्राही अभिलेखसमेत बनाई जम्मा ६८३ जना लाभग्राहीको प्रतिवादीहरु आफैले औठाछाप लगाई प्रमाणितसमेत गरेको र नविकरण नै नभएको लाभग्राहीको रकम निकासा गरी गराई प्रतिवादीहरुले आफूसमेतलाई लाभ र गाउँपालिका/नेपाल सरकारलाई हानीनोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी कसुरमा आरोपपत्र दायर।**

जिल्ला कैलाली, जानकी गाउँपालिका, वडा नं. ९ मा कार्यरत वडासचिव प्रेम बहादुर बुढाले सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता गरेको, मृत्युपश्चात समेत दर्जनौं व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता वितरण गरेको तथा एउटै व्यक्तिको नाममा दोहोऱ्याएरसमेत सामाजिक सुरक्षा भत्ता वितरण गरी लाखौं रूपैंयाँ अपचलन गरेको भन्ने व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला कैलाली, जानकी गाउँपालिका वडा नं. ९ बाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा गराउदा आ.व. २०७४।०७५ देखि आ.व. २०७७/०७८ को दोश्रो चौमासिकसम्म सम्बन्धित व्यक्तिलाई भत्ता बुझाई औठाछाप समेत लगाई भरपाई गर्ने गरेकोमा प्रतिवादीहरु वडा सचिव प्रेम बहादुर बुढा, वडा अध्यक्ष खकेन्द्र भण्डारी र कार्यालय सहयोगी सोनम कठरियासमेतले आपसी मिलेमतो तथा योजनामा आफ्नो पद ओहदाको दुरुपयोग गरी आफूसमेतका प्रतिवादीहरुलाई गैरकानूनी लाभ र सार्वजनिक संस्था/नेपाल सरकार/जानकी गाउँपालिकालाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको मृत्यु भएको विवरण आफूसमेत कार्यरत वडा कार्यालयमा मृत्यु दर्ता पंजीकरण गरेको, मृत्यु भई दर्ता समेत गरिसकेका व्यक्तिहरुलाई प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीमा नवीकरण गरे गराई सामाजिक सुरक्षा भत्ताको लाभग्राहीको अभिलेखमा समावेश गरे गराएको, एक व्यक्तिको नागरिकता नम्बरबाट दोहोरो सामाजिक सुरक्षा भत्ताको लाभग्राहीको रुपमा अभिलेख राखे राख्न लगाएको, नवीकरण नै नभएका व्यक्तिहरुसमेत लाभग्राहीको रुपमा अभिलेख देखाई देखाउन लगाई उक्त अभिलेखहरुको सक्कल कागजातमा लाभग्राहीको दस्तखत/औठाछाप हुने खण्डमा निज प्रेम बहादुर बुढाले आफ्नो दाहिने हातको बुढी औंलाको औठाछाप थान २८० र आफ्नो दाहिने हातको माझी औंलाको औठाछाप थान १९९ गरी जम्मा ४७९ थान औठाछाप लगाएको, कार्यालय सहयोगी सोनम कठरियाले आफ्नो दायाँ हातको बुढी औंलाको औठाछाप जम्मा २०४ थान लगाएको तथ्य राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनसमेतबाट पुष्टि भएको देखिएको, सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न नै नआएका लाभग्राहीहरु भनिएका व्यक्तिहरुको नवीकरण भएको झुट्टा कागजात तयार गरी बजेट प्राप्त गरी गराई बैक खातामा रकम निकासासमेत गरे गराएको देखिएको छ। (फ्लो चार्ट संलग्न रहेको छ)

उल्लेखित ६८३ जना लाभग्राहीको जानकी गाउँपालिका वडा नं. ९ का वडा सचिव प्रेम बहादुर बुढाले सामाजिक सुरक्षा भत्ता लाभग्राहीको औठाछाप आफैले लगाएको देखिने औठाछापबाट भुक्तानी भएको कुल

जम्मा रकम रू.२१,३४,७२१।-, कार्यालय सहयोगी सोनम कठरियाको औठाछाप प्रयोग गरी भुक्तानी भएको रकम रू.७,८१,२००।-, मृत्यु दर्ता भईसकेका व्यक्तिको नाम निकालिएको सामाजिक सुरक्षा भत्ता रकम लाभग्राहीमा नवीकरण गरी भरपाईमा लगाएको औठाछापसमेतको कुल जम्मा रकम रू.१५,५०,४००।-, एउटै व्यक्तिको नाम र नागरिकता नम्वरबाट दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण भएको कुल जम्मा रकम रू.१,७८,४००।-, मृत्यु भएका व्यक्तिहरुको निजहरुकै नाममा खुलेको बैंक खातामा रहेको कुल जम्मा रकमरु.१३,२८,९८०।-, आ.व. २०७९/८० मा नवीकरणको लागि निवेदन पेश नभएका लाभग्राहीहरुको खातामा रहेको नविकरण नगरिको कुल जम्मा रकम रु.१३,६३,९२६।— समेत गरी जम्मा रकम रू.७३,३७,६२७।— प्रतिवादीहरुले बदनियत राखी सरकारी सार्वजनिक सम्पत्तिको हिनामिना गरे गराएको देखिएकोले झुट्टा तथा नक्कली दस्तखत/औठाछाप लगाईएको उक्त सामाजिक सुरक्षा भत्ता वितरणको सक्कल भरपाई कागजमा उक्त वडाका वडा अध्यक्ष खकेन्द्र भण्डारीले प्रमाणित गरेको, सामाजिक सुरक्षा भत्ता वितरण गरेको भनी प्रमाणित भएको मुचुल्कासमेत तयार गरी गराई उक्त मुचुल्कामा वडा अध्यक्ष खकेन्द्र भण्डारी, वडासचिब प्रेम बहादुर बुढा, वडा सदस्यहरु कल्पना खड्का, सुनकोसा सार्की, बिजय बहादुर रावल, शेर बहादुर बिश्वकर्मा, खरिदार पूर्ण वहादुर विष्ट, कार्यालय सहयोगी सोनम कठरियासमेतले हस्ताक्षर गरे गराई गलत प्रतिवेदनसमेत तयार गरी गराई सरकारी सार्वजनिक सम्पत्तिको हिनामिना गरे गराएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ समेतको कसूरजन्य कार्य भएको हुँदा निज प्रतिवादीहरुलाई देहायबमोजिमको कसूरमा देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

<u>देहाय</u>

| सि. नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जानकी गाउँपालिका वडा नं. ९ का **वडा अध्यक्ष खकेन्द्र भण्डारी** | रू.७३,३७,६२७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा बिगो रु. त्रिहत्तर लाख सैतीस हजार छ सय सत्ताईस रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) वमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं सामाजिक सुरक्षा भत्ता भत्ता वितरण गरेको देखिने मुचुल्का प्रतिवेदन तयार गरी हस्ताक्षर गरी गराई गलत प्रतिवेदनसमेत दिए दिन लगाएको पुष्टि भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय समेत हुन मागदाबी लिइएको छ। |
| २. | जानकी गाउँपालिका वडा नं. ९ का **तत्कालीन वडा** | रू.७३,३७,६२७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा बिगो रु. त्रिहत्तर लाख सैतीस हजार छ सय |

| | | | |
|---|---|---|---|
| | **सचिव प्रेम बहादुर बुढा** | | सत्ताईस रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेवमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) वमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी र सामाजिक सुरक्षा भत्ता वितरणको सक्कल अभिलेख भरपाई कागजमा आफैले औंठाछाप लगाउने, नवीकरण गर्ने लगायतको सरकारी कागजात सच्याउने/थपघट गर्ने/हेरफेर गर्नेसमेतको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूर गरेको पुष्टि भएको हुँदा सोही ऐनको दफा ११ बमोजिम कैद र जरिवाना हुन एवं सामाजिक सुरक्षा भत्ता भत्ता वितरण गरेको देखिने मुचुल्का प्रतिवेदन तयार गरी हस्ताक्षर गरी गराई गलत प्रतिवेदनसमेत दिए दिन लगाएको पुष्टि भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय समेत हुन मागदाबी लिइएको छ। |
| ३. | जानकी गाउँपालिका वडा नं. ९ का **कार्यालय सहयोगी सोनम कठरिया** | रू.९,२०,४००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा रु. नौ लाख बीस हजार चार सय बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेवमोजिम सोही ऐनको दफा ३ उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) वमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन र सामाजिक सुरक्षा भत्ता वितरणको सक्कल अभिलेख भरपाई कागजमा आफैले औंठाछाप लगाउने लगायतको सरकारी कागजात सच्याउने/थपघट गर्ने/हेरफेर गर्नेसमेतको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूर गरेको पुष्टि भएको हुँदा निजलाई सोही ऐनको दफा ११ बमोजिम कैद र जरिवाना हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसूर भएको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |
| ४. | जानकी गाउँपालिका वडा नं. ९ का **तत्कालीन** | रू.२४,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को १७ बमोजिमको कसूर गरेको हुँदा बिगो चौविस हजार रुपैयाँ कायम गरी भ्रष्टाचार |

| | | | |
|---|---|---|---|
| | **खरिदार पूर्ण बहादुर विष्ट** | | निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेवमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (क) वमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवम सामाजिक सुरक्षा भत्ता भत्ता वितरण गरेको देखिने मुचुल्का प्रतिवेदन तयार गरी हस्ताक्षर गरी गराई गलत प्रतिवेदनसमेत दिए दिन लगाएको पुष्टि भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय समेत हुन मागदाबी लिइएको छ। |
| **५.** | जानकी गाउँपालिका वडा नं. ९ का **वडा सदस्य कल्पना खड्का, सुनकोसा सार्की, विजय बहादुर रावल, शेर बहादुर विश्वकर्मा** | - | सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिने मुचुल्का/प्रतिवेदन तयार गरी गराई हस्ताक्षर गरी गलत प्रतिवेदन दिए दिन लगाएको पुष्टि भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल

<u>फ्लोचार्ट</u>

**जिल्ला कैलाली, जानकी गाउँपालिका वडा नं. ९ बाट सामाजिक सुरक्षा भत्ता वितरणको क्रममा देखिएका घटनाक्रमहरु:**

| आर्थिक बर्ष | सामाजिक सुरक्षा भत्ता बितरण | ल्याब रिपोर्ट अनुसार प्रतिवादीहरुको सक्कल भरपाई काजगमा प्रयोग भएको |
| --- | --- | --- |
| आ.व. २०७४।०७५ | ➢ प्रथम चौमासिक-९५४ जना<br>➢ दोश्रो चौमासिक-९२२ जना<br>➢ तेस्रो चौमासिक-८९७ जना लाभग्राहीहरुलाई वितरण गरेको | ➢ वडा सचिब प्रेम बहादुर बुढाको दायाँ हातको बुढी औलाको औठाआप- थान ६<br>➢ वडा सचिब प्रेम बहादुर बुढाको दायाँ हातको माझी औलाको औठाआप- थान ८२ |
| आ.व. २०७५।०७६ | ➢ प्रथम चौमासिक-९१६ जना<br>➢ दोश्रो चौमासिक-१०२५ जना<br>➢ तेस्रो चौमासिक-१००४ जना लाभग्राहीहरुलाई वितरण गरेको | ➢ वडा सचिब प्रेम बहादुर बुढाको दायाँ हातको बुढी औलाको औठाआप- थान १०८<br>➢ वडा सचिब प्रेम बहादुर बुढाको दायाँ हातको माझी औलाको औठाआप- थान ३७<br>➢ कार्यालय सहयोगी सोनम कठहरियाको दायाँ हातको बुढीऔलाको औठाआप-थान ८० |
| आ.व. २०७६।०७७ | ➢ प्रथम चौमासिक-१०३४ जना<br>➢ दोश्रो चौमासिक-९७७ जना<br>➢ तेस्रो चौमासिक-१०७० जना लाभग्राहीहरुलाई वितरण गरेको | ➢ वडा सचिब प्रेम बहादुर बुढाको दायाँ हातको बुढी औलाको औठाआप-थान २८<br>➢ वडा सचिब प्रेम बहादुर बुढाको दायाँ हातको माझी औलाको औठाआप-थान ३४<br>➢ कार्यालय सहयोगी सोनम कठहरियाको दायाँ हातको बुढीऔलाको औठाआप-थान १२४ |

आ.व. २०७७।०७८

- प्रथम चौमासिक-११३४ जना
- दोश्रो चौमासिक-११८१ जना
- तेस्रो चौमासिक-११९१जना लाभग्राहीहरुलाई वितरण गरेको

- वडा सचिब प्रेम बहादुर बुढाको दायाँ हातको बुढी औंलाको औठाआप-थान १३८
- वडा सचिब प्रेम बहादुर बुढाको दायाँ हातको माझी औंलाको औठाआप-थान ४६
- आ.व. २०७७/०७८ को तेस्रो चौमासिकदेखिको सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको बैंक खातामा जम्मा गर्ने गरिएको

आ.व. २०७८।०७९

- प्रथम त्रैमासिक-१०३४जना
- दोश्रो त्रैमासिक -९७७ जना
- तेस्रो त्रैमासिक -१२१६जना
- चौथो त्रैमासिक-१२१६ जना

लाभग्राहीहरुको बैंक खातामा रकम दाखिला भएको